लो-घेकर दामोदरकुण्ड गाउँपालिकाद्वारा प्रकाशित

# लो-घेकर दामोदरकुण्ड राजपत्र

खण्ड : (३) चराङ, मुस्ताङ, मंसिर १८ गते, २०८० साल (संख्या :८ )

भाग १

लो-घेकर दामोदरकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम लो-घेकर दामोदरकुण्ड गाउँसभाले यो निर्देशिका बनाएको छ,

## एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०

**प्रस्तावनाः** गाउँपालिकाबाट प्रदान गरिने एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा नागरिकको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले, लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाले **"एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०"** जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस निर्देशिकाको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०" रहेको छ ।

(ख) यो निर्देशिका गाउँ कार्यपालिकाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "एम्बुलेन्स" भन्नाले बिरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ ।

(ख) "गाउँपालिका" भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।
(ङ) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्छ ।
(च) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे वापत सेवाग्राहीले बुझाउनु पर्ने गरि समितिले तोकेको शुल्क सम्झनु पर्छ ।
(छ) "स्वास्थ्य शाखा" भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको स्वास्थ्य शाखालाई सम्झनुपर्छ ।

३. **<u>एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिः</u>** (१) एम्बुलेन्स सेवा सञ्चालनको लागि व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायका पदाधिकारीहरु रहने गरी एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ङ) स्वास्थ्य संयोजक | सदस्य सचिव |

(२) एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गर्ने गराउने ।
(ख) एम्बुलेन्स सेवा शुल्क वापत संकलित रकम समयमै बैंक दाखिला गर्ने गराउने ।
(ग) सेवा शुल्क वापतको हिसाव किताव चुस्त दुरुस्त राख्ने राख्न लगाउने ।
(घ) चालकले पालना गर्नु पर्ने आचार संहिता लागू गराउने ।
(ङ) एम्बुलेन्स सेवाको भाडा दर निर्धारण गर्ने एंव समयानुकुल भाडादरमा परिमार्जन गर्ने ।
(च) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

४. **<u>चालकको नियुक्ति र सेवा सुविधाः</u>** (क) एम्बुलेन्स सेवा गुणस्तर एवं प्रभावकारी ढंगले सञ्चालन गर्नका लागि आवश्यक पर्ने चालकको नियुक्ति गाउँपालिकाले गर्नेछ र निजको तलब भत्ता प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।
(ख) एम्बुलेन्स चालक पदमा नियुक्त भएका चालकले अनुसूची-१ बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ ।पालना नगरेमा स्पष्टीकरण सोधिने छ तर आचारणमा सुधार नगरी बारम्बार आचारसंहिता उल्लङ्घन गरेमा एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा निजसँगको सेवा करार गाउँपालिकाले रद्द गर्न सक्नेछ ।
(ग) एम्बुलेन्स चालकको विदा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
(घ) गाउँपालिकाले नियमानुसार चालकको दुर्घटना बिमा गर्नेछ ।

५. **<u>सेवा शुल्क सम्बन्धी व्यवस्थाः</u>** (क) एम्बुलेन्स सेवा प्रयोग गरे वापत सम्बन्धित सेवाग्राहीले कुनै शुल्क दिनु पर्नेछैन तर एम्बुलेन्सको आतेजाते इन्धन र एम्बुलेन्स चालकको अनुसूची २ मा उल्लेख भए अनुसारको दैनिक भ्रमण भत्ता समबन्धित सेवाग्राहीले नै व्यहोर्नु पर्नेछ।
(ख)यो सुविधा छिमेकी पालिकाका सेवाग्राहीलाई पनि उपलब्ध हुनेछ।
(ग) गाउँपालिका भित्रका अति विपन्न बिरामीहरुलाई वडा कार्यालयको सिफारिसमा एम्बुलेन्स व्यवस्थापन समितिको निर्णय बमोजिम एम्बुलेन्स सेवा निःशुल्क उपलव्ध गराउन सकिनेछ ।

(घ) एम्बुलेन्स सेवा वापत उठेको इन्धनको रकम एम्बुलेन्स व्यवस्थापन समितिले तोके बमोजिम एम्बुलेन्समा नै प्रयोग हुने व्यवस्था मिलाउनु पर्नेछ।

**६ एम्बुलेन्सको मर्मत सम्भार तथा खर्च व्यवस्थापन** (क)एम्बुलेन्सको मर्मत सम्भारको जिम्मेवारी गाउँपालिकाको हुनेछ। एम्बुलेन्सको मर्मत सम्भारको लागि आवश्यक पर्ने सम्पूर्ण रकमको व्यवस्थापन एम्बुलेन्स व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले व्यवस्थापन गर्नेछ। एम्बुलेन्सको लागि आवश्यक पर्ने सामाग्रीको खरिदम गर्नुपरेमा पनि सोहि बमोजिम व्यवस्थापन गरिनेछ ।

७. **सेवाको कार्यक्षेत्र:** (क) गाउँपालिकाले सर्वप्रथम गाउँपालिका क्षेत्रभित्र बसोबस गर्ने नागरिकको लागि एम्बुलेन्स सेवा प्राथमिकताका साथ प्रदान गर्नेछ ।

तर अति आवश्यक परेको अवस्थामा छिमेकी स्थानीय तहका विरामीहरुका लागि समेत तोकिएको बमोजिम शुल्क लिई एम्बुलेन्स सेवा उपलब्ध गराउन सकिनेछ ।

८. **विविध:** (क) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची-३ बमोजिम हुनेछ।

(ख) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको बीमाको दायित्व सेवाग्राही स्वयम्को हुनेछ।

(ग) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर दफा ३ बमोजिम गठित समितिको सिफारिसमा कार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची - १
## दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता

१. एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८० लाई पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वननीयता कायम गर्दै आफ्नो पेशाको मानमर्यादामा खलल पुग्ने किसिमको कुनै पनि कार्य गर्न पाईनेछैन ।

३. धुम्रपान तथा मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन पाईनेछैन ।

४. विरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा विरामी तथा विरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी स्तरीय सेवा प्रदान गर्नुपर्नेछ ।

५. कुनै पनि विरामीलाई ओसारपसार गर्नु अघि निजको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्नेछ ।

६. विरामीलाई बीच बाटोमा अलपत्र नछाडी गन्तव्यमा पुऱ्याउनु पर्नेछ ।काबु बाहिरको परिस्थिति आएमा सोको जानकारी गाउँपालिकाको स्वास्थ्य शाखालाई जानकारी गराउनु पर्नेछ ।

७. सेवा दिए वापत संकलन गरिएको रकम एम्बुलेन्स व्यवस्थापन समितिले तोके बमोजिम दाखिला वा खर्च गर्नुपर्नेछ।

८. एम्बुलेन्स सेवा उपलब्ध गराउँदा कहाँ, कुन ठाउँ गएको वा आएको सोको सम्पूर्ण विवरण लग बुकमा उल्लेख गर्नुपर्नेछ ।

९. लगबुक नियमित रुपमा तोकिएको पदाधिकारीबाट प्रमाणित तथा स्वीकृत गराउनु पर्नेछ ।

१०. सेवा शुल्क वापत संकलन गरिएको रकमको मासिक विवरण स्वास्थ्य शाखालाई बुझाउनु पर्नेछ ।

११. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसारपसार गर्न पाईनेछैन ।

१२. समय समयमा सञ्चालन तथा व्यवस्थापन समितिले दिएका निर्देशनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

१३. माथि उल्लेख हुन छुट भएका विषयका सम्बन्धमा प्रचलित कानून बमोजिम गर्नुपर्नेछ ।

म...................................(नाम)........................ठेगाना............................ना.प्र.प.नं............ ....................जिल्ला, सवारी चालक अनुमति नं. .................................माथि उल्लिखित आचारसंहिता अध्ययन गरेको छु । घरपझोङ गाउँपालिकाद्धारा सञ्चालित, एम्बुलेन्स चलाउदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालन गर्नेछु ।

| | |
|---|---|
| चालकको | प्रमाणित गर्ने पदाधिकारीको |
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः |
| मितिः | मितिः |

**अनुसूची - २**
**(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)**
**एम्बुलेन्स सेवा शुल्क सम्बन्धि दररेट**

| सि.नं. | देखि | सम्म | लाग्ने शुल्क | कैफियत |
|---|---|---|---|---|
| १ | पालिका भित्रका सबै सवारी एम्बुलेन्स पुग्ने स्थान देखि | पालिका भित्रका सबै स्वास्थ्य संस्थाहरू सम्म | गाडी इन्धन खर्च मात्र | |
| २ | पालिका भित्रका सबै सवारी एम्बुलेन्स पुग्ने स्थान देखि | जोमसोम | एम्बुलेन्स इन्धन खर्च र ड्राईभर भत्ता रु.१०००। | |
| ३ | पालिका भित्रका सबै सवारी एम्बुलेन्स पुग्ने स्थान देखि | पोखरा | एम्बुलेन्स इन्धन खर्च र ड्राईभर भत्ता रु.३०००। | |
| ४ | पालिका भित्रका सबै सवारी एम्बुलेन्स पुग्ने स्थान देखि | काठमाडौं | एम्बुलेन्स इन्धन खर्च र ड्राईभर भत्ता रु.५०००। | |

**नोटः** वार्षिक मर्मत संम्भार कार्यपालिकाको निर्णय अनुसार (ड्राइभरको निवेदन अनुसार स्वास्थ्य संयोजकको सिफारिसमा गाउँपालिकाको अध्यक्षले प्रमाणित गर्ने) र अन्य स्पष्ट नभएको विषयमा एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिका संयोजकले तोके बमोजिम हुनेछ ।

**अनुसूची - ३**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

"ग" वर्गको (Common life support) एम्बुलेन्स सेवामा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु
- Oxygen Cylinder, Follow Meter/Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने व्यवस्था,
- Stretcher Cum Board
- Stethoscope, Bp Apparatus, Torchlight
- PPE Set, Gloves, Surgical Mask

**आज्ञाले,**

**नाम : विशाल भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**

**मिति :२०८०/०८/१८ गते**